# मुक्त हलिया समुदाय, हलिया महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार उल्लङ्घनका घटनाहरुमा सत्य तथ्य खोजका लागि निर्देशिका
# (Fact Finding Guideline on Human Rights Violations)


**मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान (काहुरास्ट), नेपाल**

पो.ब.नं. १३५७२, प्रसुतिगृह मार्ग, थापाथली, काठमाडौं, नेपाल

फोनः ०१-४१०२०३३, ४२४९२२०, फ्याक्सः ०१-४१०२०३३

इमेलः cahurast@gmail.com, cahurastnepal@gmail.com,

वेभः http://www.cahurast.com



वि.सं. २०७९

**प्रकाशकः**
मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान (काहुरास्ट), नेपाल
(सन् २०२० देखि आर्थिक तथा सामाजिक परिषदसँग विशेष परामर्शदातृ हैसियतमा रहको संस्था)

**सहकार्य तथा प्राविधिक सहयोग**
फिनिस एभान्जेलिकल लुथरन मिसन
लुथरन विश्व फेडरेशन नेपाल
राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपाल

**वित्तिय सहयोगः** युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय फिन्ल्याण्ड

**संस्करणः** पहिलो सन् २०२२
**छपाइ** : १०० प्रति
**भाषा** : नेपाली

**निर्देशिकाको मस्यौदा तयार गर्ने** : अच्युत आचार्य, मानवअधिकार अधिवक्ता
**अस्वीकरणः** यो निर्देशिका युरोपेली संघको वित्तीय सहयोगमा तयार गरिएको हो । यस निर्देशिकामा संलग्न सबै जानकारी तथा परिणाम, व्यक्त व्याख्या तथा निष्कर्ष युरोपेली संघका मतको प्रतिनिधित्व गर्दैनन् [1]। यस परियोजनाका साझेदारले यसको पुर्ण जम्मेवारी लिन्छन् ।

**डिजाइन र प्रिन्टः** क्रियटीभ डेस्क प्रा. लि., बागबजार, काठमाडौं
**प्रतिलिपि अधिकारः** मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान (काहुरास्ट), नेपाल

---

[1] युरोपेली संघका सदस्य राष्ट्रहरुले आफ्नो ज्ञान, स्रोत र गन्तव्यलाई एकसाथ जोड्ने निणर्य गरेका छन् । सँगै, तिनीहरुले सांस्कृतिक विविधता, सहिष्णुता र व्यक्तिगत स्वतन्त्रता कायम राख्दै स्थिरता, लोकतन्त्र र दिगो विकासको क्षेत्र निमार्ण गरेका छन् । युरोपेली संघ आफ्ना उपलब्धीहरु र आफ्ना मूल्यहरु आफ्नो सिमाना बाहिरका देशहरु र मानिसहरुसँग साझा गर्न प्रतिबद्ध छ ।

# विषयसूची

## मानवअधिकार उल्लङ्घनका घटनाहरुमा सत्य तथ्य खोजका लागि निर्देशिकाको बारेमा


| | | |
|---|---|---|
| परिच्छेद १ : | प्रारम्भिक | १ |
| परिच्छेद २ : | मानवअधिकार अनुगमन सम्बन्धी व्यवस्था | २ |
| परिच्छेद ३ : | अनुगमनकर्ताको सम्बन्धमा | ३ |
| परिच्छेद ४ : | अनुगमन टोलीको सम्बन्धमा | ५ |
| परिच्छेद ५ : | अनुगमन टोलीको काम, कर्तव्य र अधिकार | ६ |
| परिच्छेद ६ : | अनुगमनकर्तालाई आवश्यक पर्ने सामाग्रीहरु सम्बन्धी व्यवस्था | ९ |
| परिच्छेद ७ : | अनुगमन प्रतिवेदन सम्बन्धी व्यवस्था | १० |
| परिच्छेद ८ : | अनुगमनकर्ताको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था | ११ |
| परिच्छेद ९ : | भत्ता, सुविधा तथा आर्थिक विषयहरु सम्बन्धी व्यवस्था | १२ |
| परिच्छेद १० : | गोपनीयता सम्बन्धी व्यवस्था | १३ |
| परिच्छेद ११ : | अनुशासन, आचरण र कारवाही सम्बन्धमा | १४ |
| परिच्छेद १२ : | विविध | १६ |

# मानवअधिकार उल्लङ्घनका घटनाहरुमा सत्य तथ्य खोजका लागि निर्देशिकाको बारेमा

**निर्देशिकाको उद्देश्य**

युरोपियन युनियनको आर्थिक सहयोगमा प्रकाशन गरिएको "**मुक्त हलिया समुदाय, हलिया महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार उल्लङ्घनका घटनाहरुमा सत्य तथ्य खोजका लागि निर्देशिका** (Fact Finding Guideline on Human Rights Violations)" मुक्त हलिया समुदाय, हलिया महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकारहरु मध्ये विशेष गरी शिक्षा, स्वास्थ्य, रोजगारी तथा आवासको अधिकारहरु लगायत यी अधिकारहरु सँग सम्बन्धित अन्य अधिकारहरुको समग्र वस्तु स्थिति तथा अवस्थाको सत्य तथ्य पत्ता लगाउने सन्दर्भमा अध्ययन, अवलोकन वा निरीक्षण लगाएत कार्यमा संलग्न हुने अनुगमनकर्ताहरुलाई सहजताकासाथ अनुशासित, व्यवस्थित तथा सप्रमाण सम्पन्न गर्ने गराउने कार्यमा दिशानिर्देश गर्ने प्रयोजनार्थ **मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान** (**काहुरास्ट**), नेपाल नामक गैरसरकारी संस्थाले यो निर्देशिका बनाई जारी गरेको छ । साथै यो निर्देशिका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा संलग्न नागरिक समाजका संस्था, गैसस, विभिन्न तहका सरकारी निकाय, स्थानीय निकाय, व्यक्ति वा समूहलाई पनि सहयोगी हुनेछ भन्ने अपेक्षा गरिएको छ।

परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम " **मुक्त हलिया समुदाय, हलिया महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार उल्लङ्घनका घटनाहरुमा सत्य तथ्य खोजका लागि निर्देशिका**" रहेको छ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

(क) "मानवअधिकार अनुगमन" भन्नाले मानवअधिकारका विविध विषयहरुमा विभिन्न स्रोतबाट यस संस्थाको कार्यालयमा प्राप्त उजुरी तथा प्रतिवेदनको विश्लेषण गर्ने, कुनै स्थान विशेषमा उपस्थित भई अनुगमनकर्ताद्वारा अध्ययन, अवलोकन वा निरीक्षण गरी भरपर्दो तरिकाले सूचना सङ्कलन गर्ने र त्यस्ता सूचनाहरुको आधारमा मानवअधिकारको समग्र स्थितिको विश्लेषण गरी मानवअधिकार अवस्थामा सुधारको निमित्त सम्बन्धित निकायमा अनुरोध तथा सिफारिस गर्ने एवम् सार्वजनिक रुपमा प्रकाशित वा प्रकट भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरुको अध्ययन तथा विश्लेषण गर्ने कार्य समेतलाई जनाउँछ।

(ख) "आरोपित" भन्नाले मानवअधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन गरेको भनी अनुगमन प्रतिवेदन तथा कुनै उजूरीमा उल्लेख गरिएको व्यक्ति, समुदाय तथा संघसंस्थालाई सम्झनु पर्दछ।

(ग) "अनुगमनकर्ता" भन्नाले मानवअधिकारको अनुगमन कार्य गर्न यस निर्देशिका बमोजिम यस संस्थाद्वारा अख्तियार दिई खटाइएको संस्थाको कर्मचारी वा अन्य व्यक्ति तथा समूहलाई सम्झनुपर्छ।

(घ) "अनुगमन प्रतिवेदन" भन्नाले यस निर्देशिका बमोजिम अनुगमन कार्य सम्पन्न गरिसकेपछि यस संस्थाद्वारा निर्धारण गरिएको ढाँचामा अनुगमन टोलीले यस संस्था समक्ष बुझाउने प्रतिवेदनलाई जनाउँछ।

(ङ) "उजूरी" भन्नाले मानवअधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनका सम्बन्धमा यस संस्थाको स्थानीय तथा केन्द्रिय कार्यालय समक्ष दिएको जुनसुकै प्रकारको निवेदन वा उजूरी सम्झनु पर्छ र सो शब्दले कुनै स्रोतबाट उक्त विषयमा यस संस्थामा प्राप्त भएको जानकारी समेतलाई जनाउँछ ।

(च) "उजूरी सहजीकरण व्यक्ति" भन्नाले उजूरी लिन र व्यवस्थापन गर्न संस्थाले जिम्मेवारी दिएको कर्मचारी, व्यक्ति तथा समिति सम्झनुपर्छ ।

(छ) "सल्लाहकार समिती" भन्नाले यस संस्थाले मुक्त हलिया समुदाय, हलिया महिला तथा अपाङ्गता भएका व्यक्तिाहरुको मानवअधिकारको उल्लङ्घनका विषयहरुलाई सम्बोधन गर्ने प्रयोजनको लागि आवश्यक सल्लाह तथा सुझाव दिनको लागि स्थानीय रुपमा गठन गरिएको समिति सम्फनु पर्दछ ।

(ज) "पीडित तथा पीडित समुदाय" भन्नाले मानवअधिकार उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहन भई सो कार्यबाट पीडित हुन गएको व्यक्ति, परिवार तथा समुदाय सम्झनु पर्छ ।

(झ) "संस्था"भन्नाले **मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान** (**काहुरास्ट**), **नेपाल** र त्यस मातहातको कार्यालय सम्फनु पर्दछ ।

परिच्छेद -२

## मानवअधिकार अनुगमन सम्बन्धी व्यवस्था

### ३. मानवअधिकार अनुगमन कार्य :

(क) यस निर्देशिका बमोजिम अनुगमन सम्बन्धी कार्य आवधिक रुपमा वा आवश्यकता अनुसार यस संस्था आफैले वा अन्य संस्थासँग सहकार्य गरि संस्थाको केन्द्रिय कार्यालय वा जिल्लागत रुपमा स्थापना गरिएका कार्यालयहरु मार्फत गरिने छ ।

(ख) मानवअधिकारको समग्र स्थिति तथा अवस्थाको अनुगमन कार्य यस संस्थाको विभिन्न जिल्लामा स्थापना गरिएको कार्यालयहरुबाट निर्माण गरिएका कार्य योजना बमोजिम तथा आवश्यकताको आधारमा गरिने छ ।

परिच्छेद -३

## अनुगमनकर्ताको सम्बन्धमा

**४. अनुगमनकर्ताको नियुक्ति :**

(१) यस संस्थाका कर्मचारीहरुले समग्र मानवअधिकारहरु तथा तोकिएको अधिकार हरुको विषयमा अध्ययन, अवलोकन तथा निरिक्षण गरि मानवअधिकारको अनुगमन गर्नेछन् वा गर्न सक्नेछन् ।

(२) संस्थाको कर्मचारीहरुबाट मात्र अनुगमनको कार्य सम्पन्न गर्न नसकिने अवस्थामा यस निर्देशिका बमोजिम अन्य व्यक्तिहरुलाई समेत निश्चित अवधिका लागि संस्थाले तो केबमोजिमको सेवासुबिधा तथा जिम्मेवारी हुने गरी अनुगमनकर्ताको रुपमा आवश्यकता बमोजिम नियुक्ति गर्न सक्नेछ । यसरी नियुक्त गरिएका अनुगमनकर्ताहरुलाई संस्थाको कर्मचारी मानिने छैन ।

(३) अनुगमन कार्यमा संलग्न हुने यस संस्थाका कर्मचारी वा संस्थासँग आवद्धता भएका कुनैपनि पदाधिकारीहरु तथा अन्य व्यक्तिहरुले मानवअधिकार अनुगमन सम्बन्धी आधारभुत तालिम अनिवार्य रुपमा लिएको हुनुपर्नेछ । यस प्रकारको तालिम वा सचेतना लगाएतका कार्यहरु संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(४) मानवअधिकार अनुगमन कार्यमा सहयोग गर्न चाहने स्वतन्त्र व्यक्तिहरुलाई आवश्यक्ता बमोजिम तालिम वा सचेतना कार्यक्रमहरुमा सहभागी गराई उनीहरुको अभिलेख बनाई राख्न सकिनेछ ।

**५. अनुगमनकर्ताको न्यूनतम योग्यता :** अनुगमनकर्ताको न्यूनतम योग्यता निम्नानुसार हुनेछ :-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) २१ वर्ष उमेर पूरा भएको,

(ग) कुनै विषयमा प्रमाणपत्र तह वा बाह्रकक्षा उत्तीर्ण गरी कुनै सरकारी वा गैरसरकारी संघसंस्था वा पेशागत संघसंस्था वा सामाजिक क्षेत्रमा तथा मानवअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी क्षेत्रमा कम्तीमा चार वर्ष काम गरी अनुभव हासिल गरेको व्यक्ति हुनुपर्नेछ।

(घ) मानवअधिकारको उल्लङ्घन तथा दुरुत्साहनमा संलग्न नभएको।

(ङ) सार्वजनिक सदाचारमा रहेको व्यक्ति।

६. **अनुगमनकर्ताको छनौट** : यस संस्थाको कर्मचारी बाहेकको हकमा केन्द्रिय कार्यालय तथा जिल्लामा गठन गरिने सल्लाहकार समितिले अन्तर्वार्ताको माध्यमबाट अनुगमनकर्ताको छनौट गर्नेछ।

७. **अनुगमनकर्ताहरुलाई अनुगमनमा खटाउने आधारहरु** : संस्थाका कर्मचारी वा अनुगमनको लागि छनौट भएका अनुगमनकर्ताहरुलाई देहायका आधारहरुमा प्राथमिकता अनुसार अनुगमन कार्यमा खटाइनेछ :-

(क) अनुगमनको लागि निर्धारित समयमा उपलब्ध हुनसक्ने,
(ख) अनुगमन गर्नुपर्ने जिल्ला वा क्षेत्रको धार्मिक, साँस्कृतिक, सामाजिक, आर्थिक, राजनैतिक लगाएतका विषयको जानकारी भएको,
(ग) कानुन, सामाजिक सेवा, आमसञ्चार, मानवअधिकार लगायतका विभिन्न क्षेत्रमा क्रियासिल भएका व्यक्तिहरुको प्रतिनिधित्व हुने,
(घ) लैगिंक, जातिय तथा अन्य समाजिक समावेशिता।

परिच्छेद -४

# अनुगमन टोलीको सम्बन्धमा

**अनुगमन टोलीको गठन विधि**

८. **अनुगमन टोलीको गठन** :

(१) कुनै क्षेत्रमा अनुगमन गर्नुपर्ने भएमा संस्थाको स्थानीय कार्यालयको प्रमुख वा निजले तोकेको अन्य व्यक्तिको नेतृत्वमा अनुगमन टोली गठन गरिनेछ।

(२) अनुगमन टोलीमा अनुगमनकर्ताहरु समावेश गर्दा यथा सम्भव लिङ्ग, जात, जाति, भाषा, अनुगमन गर्ने क्षेत्रको ज्ञान भएकाहरुलाई समेटी अनुगमन टोलीको गठन गरिनेछ। प्रत्येक अनुगमन टोलीमा सम्भव भएसम्म कम्तीमा एकजना महिलालाई समावेश गरिनेछ।

(३) अनुगमन टोलीको गठन गर्दा छनौटमा परेका सबैलाई यथा सम्भव आलोपालो हुने गरी अनुगमन टोलीमा सहभागी गराईने छ।

(४) कुनै अनुगमनकर्तालाई अनुगमन कार्यमा खटाउने वा नखटाउने निर्णय गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

९. **दोभाषे वा पथप्रर्दशक समावेश गर्न सकिने** :

(१) सामाजिक, भौगोलिक, भाषिक वा साँस्कृतिक कठिनाईको कारणले अनुगमन टोलीमा दोभाषे वा पथप्रर्दशक समावेश गर्नुपर्ने आवश्यकता देखिएमा टोलीमा एकजना दोभाषे वा पथप्रर्दशकलाई समावेश गर्न सकिनेछ।

(२) यसरी नियुक्त गरिएको दोभाषे वा पथप्रर्दशकले पनि संस्थाले निर्धारण गरे बमोजिमको करारनामामा हस्ताक्षर गर्नुका साथै यस निर्देशिकामा उल्लेख गरे बमोजिमको आचारसंहिता तथा गोपनियताको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

(३) नियुक्त गरिएको दोभाषे वा पथप्रदर्शकको पारिश्रमीक तथा अन्य सुविधा संस्थाले तोकेबमोजिम हुनेछ ।

परिच्छेद -५

## अनुगमन टोलीको काम, कर्तव्य र अधिकार

**१०. अनुगमन टोलीको काम, कर्तव्य र अधिकार :**

(१) अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) टोलीले आफूलाई तोकिएको जिल्ला, क्षेत्र वा स्थानमा गई जिल्ला तथा स्थानीयतहका सरकारी तथा सुरक्षा निकायका प्रमुखहरु, नागरिक समाज, स्थानीय बुद्धिजीवी, पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, राजनैतिक दलका प्रतिनिधिलगायत पीडित व्यक्ति वा निजको परिवारसँग आवश्यकता अनुसार सामूहिक वा अलग-अलग भेटवार्ता, अन्तरक्रिया वा छलफल गरी सम्बन्धित क्षेत्र वा घटनाको सम्बन्धमा आवश्यक जानकारी हाँसिल गर्ने,

(ख) संकलन गर्नुपर्ने सूचना विवरण, तथ्याङ्क वा घटनाको प्रतिवेदन, अभिलेख वा फोटोग्राफी वा अन्य कुनै उपयुक्त माध्यमद्वारा सङ्कलन गरी दुरुस्त रुपमा राख्ने तथा अनुगमनबाट प्राप्त सूचनाको सुरक्षा गर्ने,

(ग) सम्बन्धित क्षेत्रमा अनुगमन टोलीलाई कुनै समस्या परेमा सकभर त्यही समाधान गर्ने तथा समाधान हुन नसकेमा सहयोगको लागि संस्था वा अन्य तोकिएको व्यक्तिलाई जानकारी गराई त्यहाँबाट प्राप्त निर्देशन बमोजिम गर्ने,

(घ) घटनासँग सम्बन्धित पीडित व्यक्ति, प्रत्यक्षदर्शी तथा घटनाको सम्बन्धमा जानकार पक्ष तथा आरोपित पक्षसँग घटनाको जानकारी लिने,

(ङ) मानवअधिकारको उल्लङ्घनबाट पीडित व्यक्ति तथा समुहको तर्फबाट दिइएको बयान, भनाइ, गुनासोहरु वा उजुरीहरु ग्रहण गर्ने ।

(च) अनुगमन टोलीले घटनासँग सम्बन्धित अन्य आवश्यक र उपयुक्त देखिएका तथ्य विवरण, सूचना वा जानकारी समेत सङ्कलन गर्नुपर्नेछ ।

(२) हलिया समुदायको हकहितसँग सम्बन्धित प्रचलित कानुन बमोजिम हुनुपर्ने कुनै कार्य नभइरहेको वा हलिया समुदाय र नेपाल सरकारको विचमा विभिन्न समयमा भएका सम्झौता बमोजिम कार्यहरु नभएको वा मानवअधिकारको दुरुपयोग वा हेलचेक्र्याई वा लापरवाहीबाट हलिया समुदायको मानवअधिकार उल्लङ्घन भैरहेको वा हुन सक्ने आशंका विद्यमान रहेको लागेमा वा तथ्ययुक्त आधार भेटिएमा सम्बन्धित पक्षलाई कानुन बमोजिम गर्न गराउन अनुगमन टोलीले आवश्यकता अनुसार परामर्श वा जानकारी दिन सक्नेछ।

(३) अनुगमनमा जानुभन्दा अघि संस्थाका कर्मचारी बाहेकका व्यक्तिहरुले संस्थाद्वारा तयार गरिएको सम्झौतापत्रमा हस्ताक्षर गर्नुपर्नेछ। साथै अनुगमनमा जाने अनुगमनकर्ताले यस निर्देशिका बमोजिमको आचार संहिता तथा गोपनीयताको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(४) अनुगमन टोलीका सदस्यहरुले टोलीनेताको प्रत्यक्ष निर्देशनमा रही अनुगमन कार्य सम्पन्न गर्नुपर्नेछ।

(५) अनुगमन टोलीका सदस्यहरुलाई संस्थाले निर्धारण गरे बमोजिम पारिश्रमिक तथा सुविधा उपलब्ध गराईनेछ।

(६) जिल्ला विभिन्न स्थानमा अनुगमनमा जानुभन्दा पहिले अनुगमनकर्ताहरुले यथासम्भव जिल्लाका सरकारी तथा सुरक्षा निकायका कार्यालय तथा सँघसंस्थाका प्रमुखहरु वा अन्य व्यक्तिा तथा अधिकारीहरुबाट सुरक्षाको अवस्था, शिक्षा, स्वास्थ्य लगायत आवश्यक देखिएका अन्य विभिन्न विषयमा यथा सम्भव आवश्यक जानकारी लिनुपर्नेछ।

(७) अनुगमन टोली अनुगमनकोलागि सम्बन्धित जिल्ला, क्षेत्र वा स्थानतर्फ प्रस्थान गर्नुपूर्व अनुगमन टोलीका प्रत्येक सदस्यले संस्थाले प्रदान गर्ने प्रारम्भिक जानकारी कार्यक्रममा अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ।

११. **टोली नेताको काम, कर्तव्य र अधिकार** : टोली नेताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमन गर्नुपर्ने विषयका सम्बन्धमा केन्द्रिय संस्थाबाट आवश्यक जानकारी लिने।

(ख) अनुगमन कार्यको सम्बन्धमा संस्थाले तोकेको पूर्वनिर्धारित कार्यक्रम तालिकामा कुनै परिवर्तन गर्नुपर्ने भएमा सम्भव भएसम्म तुरुन्त सम्बन्धित अधिकारीलाई खबर गर्ने,

(ग) सम्बद्ध निकायसँग आवश्यकता अनुसार समन्वय र सम्पर्क गर्ने,

(घ) अनुगमन टोली भित्र कामको उचित बाँडफाँड गर्ने,

(ङ) संस्थाको तर्फबाट जवाफ दिनुपर्ने वा स्पष्ट पार्नुपर्ने कतिपय विषयमा सम्बद्ध अधिकारी वा व्यक्तिलाई आवश्यकता अनुसार जानकारी गराउने,

(च) अनुगमन टोलीका सदस्यहरु बीच समन्वय, मेलमिलाप र समझदारी कायम राख्ने साथै टोलीलाई अनुगमन कार्यप्रति अभिप्रेरित गर्ने,

(छ) अनुगमन टोलीका सदस्यहरुको कामको गोप्य मूल्याङ्कन गरी संस्थाको सम्बन्धित अधिकारीलाई जानकारी गराउने,

(ज) अनुगमन टोलीका सदस्यहरुलाई परिस्थिति अनुसार उचित तथा सान्दर्भिक निर्देशन दिने,

(झ) अनुगमनको लागि आफूलाई खटाइएको क्षेत्रमा जाँदा अत्यावश्यक भएमा यातायातको साधन, भरिया वा स्थानीय पथप्रदर्शक वा दोभाषेको व्यवस्था गर्ने/गराउने,

(ञ) टोलीका सदस्यहरुको दैनिक भत्ता तथा भ्रमण खर्च बाहेकको अन्य अनुगमनको लागि आवश्यक पर्ने रकम आफ्नो जिम्मा लिने तथा संस्थाको आर्थिक नियमले तोके बमोजिमको समयमा पेश्की फछ्र्यौट गर्ने/गराउने

(ट) संस्थामा बुझाउनु पर्ने प्रतिवेदनलाई भरपर्दो बनाउनको लागि टोली नेताले प्रतिवेदनमा हुनुपर्ने आधारभूत पक्षलाई समेट्न विशेष ध्यान दिइ यसको लागि अनुगमन टोलीका अन्य सदस्यहरुसँग समन्वय गर्ने,

(ड) अनुगमन टोलीको काम कारवाहीको सिलसिलामा सदस्यहरुको सुरक्षालाई ध्यानमा राख्ने,

(ढ) अनुगमन अवधीमा अनुगमनकर्तालाई तोकिएको क्षेत्रमा भएको कुनै घटनाको गम्भिरतालाई दृष्टिगत गरी उक्त घटनाको बारेमा अनुगमन गर्नुपर्ने वा नपर्ने भन्ने कुराको निर्णय गर्ने ।

परिच्छेद -६

## अनुगमनकर्तालाई आवश्यक पर्ने सामाग्रीहरु सम्बन्धी व्यवस्था

**१२. अनुगमनकर्तालाई आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराइने :**

(१) अनुगमनमा जाने प्रत्येक अनुगमनकर्तालाई संस्थाले आवश्यक ठहराए बमोजिमका सामाग्रीहरु उपलब्ध गराउनेछ ।

(२) संस्थाबाट उपलब्ध गराइएका सामाग्रीहरुको सुरक्षाको जिम्मा सम्बन्धित अनुगमनकर्ताले लिनुपर्नेछ र कुनै पनि अवस्थामा अन्य व्यक्तिहरुलाई यस्ता सामाग्रीहरु हस्तान्तरण गर्न वा प्रयोग गर्न दिनु हुँदैन ।

(३) अनुगमनकर्ताले संस्थाबाट सामाग्रीहरु बुझ्दा सबै सामाग्रीहरुको भरपाई गर्नुपर्नेछ र अनुगमनबाट फर्केर आएपछि नियमानुसार फिर्ता गर्नुपर्ने सामाग्रीहरु संस्थामा बुझाउनु पर्नेछ ।

(४) अनुगमनकर्ताले कुनै सामाग्री फिर्ता नबुझाएमा वा लापरवाहीले गर्दा नियमानुसार फिर्ता बुझाउनु पर्ने सामाग्रीहरुमा क्षति पुग्न गएमा सो बापत निजले पाउने रकमबाट कट्टा गरी असुलउपर गरिनेछ ।

(५) अनुगमनकर्ताले अनुगमनको सिलसिलामा बुझिलिएको कुनै सामाग्री वा अन्य कुनै मालसामान वा वस्तु काबु बाहिरको परिस्थितिमा परी हराएको, चोरिएको वा नासिएको कारण फिर्ता बुझाउन नसकिएको कुरा टोली प्रमुखद्वारा संस्थाको सम्बन्धित अधिकारीलाई सप्रमाण जानकारी गराएमा संस्थाले जाँचबुझ गरि मनासीव देखिएमा माफी मिनाहा दिन सक्नेछ ।

## परिच्छेद –७

# अनुगमन प्रतिवेदन सम्बन्धी व्यवस्था

**१३. प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) अनुगमनबाट फर्किसकेपछि प्रत्येक अनुगमन टोलीले अनिवार्य रुपमा संस्थाद्वारा निर्धारित ढाँचामा ७ दिन भित्र प्रतिवेदन बुझाउनु पर्नेछ (**प्रतिवेदनको ढाँचा अनुसूचीमा उल्लेख छ**)। यस सम्बन्धी प्रतिवेदन बुझाउँदा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ :-

(क) अनुगमन टोलीले कार्यक्षेत्रबाट फर्किएपछि संस्थाद्वारा निर्धारित ढाँचामा पूर्वनिर्धारित समयभित्र टोली प्रमुख मार्फत संस्थामा प्रतिवेदन बुझाउनु पर्नेछ।

(ख) अनुगमन टोलीले आवश्यक भएमा अनुगमनबाट फर्किएको ४८ घण्टाभित्र आफूले अनुगमन गरेको स्थानको मानवअधिकारको स्थितिको सम्बन्धमा संस्थाको सम्बन्धित अधिकारी समक्ष मौखिक विवरण पेश गर्नुपर्नेछ।

(ग) प्रतिवेदनलाई विश्वसनीय र तथ्यपरक बनाउन अनुगमन टोलीले आवश्यक प्रमाणहरु, वस्तुगत तथ्यहरु र सूचनाहरुको आधारमा मात्र प्रतिवेदन तयार गर्नुपर्नेछ।

(घ) अनुगमन टोलीका सदस्यहरुले संकलन गरेका सक्कल कागजात, टिपोट, फोटो लगायत अन्य अनुगमनसँग सम्बन्धित सम्पूर्ण प्रमाण कागजातहरु लगायतका वस्तुहरु सँस्थाको कार्यालयमा प्रतिवेदनसँगै बुझाउनुपर्नेछ।

**१४. प्रतिवेदन पुनर्लेखनको लागि आदेश दिन सक्ने :**

(१) संस्थाको सम्बन्धित अधिकारीले अनुगमन टोलीले बुझाएको प्रतिवेदन अपर्याप्त वा संस्थाद्वारा निर्धारित ढाँचा बमोजिम भएको नदेखेमा प्रतिवेदन पुनर्लेखनको लागि अनुगमन टोलीलाई पुन प्रतिवेदन तयार गर्न अनुरोध गर्न सक्नेछ, टोलीले सोहि बमोजिम अनुगमन प्रतिवेदनको पुनर्लेखन गर्नुपर्नेछ।

**१५. प्रतिवेदन उपर आवश्यक कारवाही गरिने :**

(१) संस्थामा प्राप्त भएको प्रतिवेदनको अन्तिम स्वरुप वा ढाँचाको निर्धारण तथा आधिकारिक विश्लेषणको लागि संस्थाले चेकजाँच गर्न सक्नेछ।

(२) अनुगमन टोलीबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुको विश्लेषणको लागि संस्थाले आवश्यकता अनुसार विशेषज्ञको सहयोग लिन सक्नेछ।

(३) संस्थाले प्रतिवेदन सार्वजनिक गर्दा प्रतिवेदनमा अनुगमन टोलीका सदस्यहरु, पीडित व्यक्ति, प्रत्यक्षदर्शीहरु तथा घटनाको सम्बन्धमा जानकारी दिने व्यक्तिहरुको सुरक्षालाई ध्यानमा राखी आवश्यकता अनुसार उनीहरुको परिचय खुल्ने खालका सूचना, तथ्याङ्क, विवरण वा जानकारी गोप्य राख्न सक्नेछ।

(४) प्रतिवेदन संस्थाको सम्पति हुनेछ र यसमा संस्थाको पूर्ण अधिकार रहनेछ।

(५) संस्थाले अनुगमनबाट प्राप्त विवरण, तथ्याङ्क, सूचना वा प्रतिवेदनको पुरै वा केही खण्ड आवश्यकता बमोजिम प्रसारण तथा प्रकाशन गर्न सक्नेछ।

(६) संस्थाले अनुगमन टोलीबाट प्राप्त प्रतिवेदन अनुसार आवश्यक कारवाहि प्रक्रिया अवलम्वन गर्न सक्नेछ।

परिच्छेद-८

## अनुगमनकर्ताको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था

**१६. जीउ ज्यान जोखिममा परेमा :**

(१) अनुगमनको अवधीमा अनुगमन टोलीको कुनै सदस्य दुर्घटनामा परेमा वा निजको जीउ ज्यान जोखिममा पर्ने अवस्था स्पष्ट देखिएमा सो सम्बन्धमा यथाशक्य छिटो संस्था र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायलाई टोली प्रमुखले र टोली प्रमुख नै त्यस्तो अवस्थामा परेकोमा अनुगमन टोलीका अन्य सदस्यले जानकारी गराउनु पर्नेछ।

(२) अनुगमन टोलीको कुनै सदस्य सिकिस्त बिरामी परी निजलाई फिर्ता बोलाउनुपर्ने भएमा वा अनुगमन कार्य गर्न सम्भव नभई पूरै अनुगमन टोली फर्कन उपयुक्त देखिएमा टोली नेताले र टोली नेता नै त्यस्तो अवस्थामा परेकोमा अनुगमन टोलीका अन्य सदस्यले संस्थाको तोकिएको अधिकारीलाई जानकारी गराई निर्णय भए बमोजिम फर्कन सक्नेछ। तर सञ्चारको साधनको असुबिधा वा बिकट स्थानको कारण जानकारी गराउन नसक्ने अवस्था भएमा वा नसकेमा अनुगमनकर्ताले आफ्नो सुरक्षालाई प्राथमिकता दिइ टोली नेताको निर्णय अनुसार अनुगमन कार्य बिचैमा रोकी अनुगमन टोली फिर्ता हुन सक्नेछ।

(३) कुनै अनुगमनकर्ता अनुगमन कार्यको सिलसिलामा कार्यक्षेत्रमा गएका बखत अस्वस्थ भएमा वा गम्भीर घाउ वा चोटपटक लागेमा टोली नेताले तुरुन्त संस्थाको तोकिएको व्यक्तिलाई सोको सूचना गर्नु पर्नेछ। अनुगमनकर्ता गम्भीर रुपमा अस्वस्थ भएको अवस्थामा अनुगमनकर्ताको परिवारलाई समेत संस्थाको तोकिएको व्यक्तिले तत्कालै जानकारी गराउनु पर्नेछ।

(४) कुनै अनुगमनकर्ता सामान्य रुपमा अस्वस्थ भई वा घाउ वा चोटपटक लागि स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन सक्ने अवस्थामा टोली नेताले आफूले लगेको पेश्की रकमबाट निजको प्राथमिक उपचार गर्नु गराउनु पर्नेछ।

परिच्छेद -९

## भत्ता, सुविधा तथा आर्थिक विषयहरु सम्बन्धी व्यवस्था

**१७. अनुगमनकर्ताले पाउने भत्ता तथा सुविधा :**

(१) अनुगमनकर्ताले पाउने दैनिक भत्ता तथा भ्रमण खर्च तथा अन्य सुविधा संस्थाले तोके बमाजिम हुनेछ।

(२) अनुगमनकर्ताले पाउने अनुमानित कूल दैनिक भत्ता तथा भ्रमण खर्चको अधिकतम ८० प्रतिशत रकम निजलाई पेश्की स्वरुप उपलब्ध गराइने छ। अनुगमनकर्ताले

अनुगमनबाट फर्केपछि नियमानुसार मालसामानको बरबुझारथ, पेश्की फछ्र्यौट तथा प्रतिवेदन प्रस्तुत गरेपछि निजलाई बाँकी रकम भुक्तानी दिइनेछ।

(३) अनुगमन टोलीले पूर्वनिर्धारित समयभित्र प्रतिवेदन नबुझाएमा वा अनुगमन टोलीको कुनै सदस्यको कार्य सम्पादन मूल्यांकन सन्तोषजनक नभएको भनी टोली नेताले सिफारिस गरेमा निजले पाउने सुविधा बापतको रकम बाट २० ५ रकम कटा गर्न सकिन्छ।

परिच्छेद - १०

## गोपनीयता सम्बन्धी व्यवस्था

**१८. गोपनीयता कायम राख्नुपर्ने :**

(१) अनुगमन कार्यमा खटिने अनुगमनकर्ता, दोभाषे, पथप्रदर्शक, विशेषज्ञले यस निर्देशिका बमोजिम अनुगमनबाट प्राप्त भएको सूचना, जानकारी, तथ्याङ्क वा प्रतिवेदन विश्लेषण गर्ने कर्मचारी वा व्यक्तिले अनुगमनबाट प्राप्त भएका सूचनाहरुको गोपनीयता संस्थाको पूर्वस्वीकृति नलिई र संस्थाले सार्वजनिक नगरेसम्म कायम राख्नु पर्नेछ।

(२) संस्थाले अनुगमन प्रतिवेदन साथ प्राप्त गरेको कुनै सूचना, तथ्याङ्क, विवरण वा प्रतिवेदन जस्ताको त्यस्तै सार्वजनिक गरेमा पीडित व्यक्ति वा प्रत्यक्षदर्शी वा अनुगमनकर्ता वा संस्थाको कर्मचारीको सुरक्षामा गम्भीर खतरा उत्पन्न हुन सक्छ भनी विश्वास गर्न सकिने मनासिब आधार देखिएमा संस्थाले निर्णय गरी त्यस्तो सूचना, तथ्याङ्क, विवरण वा प्रतिवेदनमा उल्लेखित आवश्यक ठहऱ्याएको अंश वा खण्ड गोप्य राख्न सक्नेछ।

(३) अनुगमनको क्रममा अनुगमनकर्तालाई सूचना, तथ्याङ्क वा विवरण उपलब्ध गराउने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा सोहि बमोजिम गरिदिनु पर्नेछ। यसरी नाम गोप्य राखिएको कारणले मात्र निजले व्यक्त गरेको कुरालाई ग्रहण गर्न बाधा परेको मानिने छैन।

परिच्छेद - ११

## अनुशासन, आचरण र कारवाही सम्बन्धमा

१९. **आचरण** : अनुगमनकर्ता, दोभाषे तथा पथप्रदर्शकले यस निर्देशिका बमोजिमको आफ्नो कामको सिलसिलामा पालना गर्नुपर्ने र गर्न नहुने आचरण देहाय बमोजिम हुनेछ :-

(क) पालन गर्नुपर्ने आचरणहरु :

(१) नैतिकता र सदाचार सम्बन्धी आधारभूत नियमको पालना गर्ने,
(२) मानवअधिकारको पालना र सम्मानप्रति सदासर्वदा निष्ठा राख्ने,
(३) आफ्नो सम्पर्कमा आएका सबैसँग मानवीय तथा सम्मानपूर्ण व्यवहार गर्ने,
(४) शिष्ट र शालीन भाषा प्रयोग गर्ने,
(५) सबैप्रति बिना पूर्वाग्रह र पक्षपात रहित व्यवहार गर्ने,
(६) पीडित व्यक्तिहरुसँग सहानुभूतिपूर्ण व्यवहार गर्ने र आफ्नो व्यवहारबाट त्यस्ता व्यक्तिहरुको भावनामा आघात नपुगोस् भन्ने कुरामा सचेत रहने,
(७) अनुगमनसँग सम्बन्धित कुनै विषयमा आफ्नो नाता, सम्बन्ध, स्वार्थ वा हित गाँसिएको अवस्थामा आफ्नो त्यस्तो सम्बन्धको कुरा बारे तत्काल टोली नेतालाई जानकारी दिई त्यस्तो विषयको अनुगमनमा संलग्न नहुने,
(८) आफूले गरेको काम र कामको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा प्राप्त सूचना तथा जानकारीको गोपनीयता कायम राख्ने,
(९) आफूले गर्ने टिपोट र विश्लेषणलाई वस्तुगत रुपमा राख्ने,
(१०) संस्थाबाट प्रदान गरिएको परिचयपत्र वा अन्य सामाग्रीको उचित सम्भार, कदर र प्रयोग गर्ने,
(११) संस्थाले प्रदान गरेको परिचयपत्र वा अन्य परिचयात्मक कनै सामाग्रीको चोरी भए वा खोसिए त्यसको जानकारी सम्बन्धित सुरक्षा निकायमा दिने,
(१२) आफ्नो परिचय, उद्देश्य र त्यसबाट हुने सम्भावित परिणामबारे सम्बन्धित पक्षलाई बताउने,
(१३) स्थानीय बासिन्दाको रहनसहन, संस्कृति र परम्पराको सम्मान गर्ने ।

(ख) गर्न नहुने आचरणहरु :

(१) कुनै पनि प्रकारको भेदभाव गर्न वा धार्मिक वा बैचारिक आस्थाका आधारमा मानिसको मर्यादामा असर पर्ने कार्य

(२) अनावश्यक वा अप्रासङ्गिक गफगाफ वा कुराकानी

(३) अनुगमन कार्यमा खटिई गएको अवस्थामा सार्वजनिक स्थलमा मादक पदार्थ वा धुम्रपान सेवन,

(४) तास वा जुवा खेल्ने वा ठट्टा मस्करी गर्ने कार्य,

(५) अनावश्यक प्रलोभन देखाउने वा उक्साउने कार्य,

(६) आफ्नो परिचय वा अन्य कुरा ढाँटेर वा छलेर सूचनाहरु सङ्कलन गर्ने कार्यहरु ।

(७) कसैलाई होच्याउने वा झिझ्याउने गरी सोधखोज गर्नेकार्यहरु,

(८) संस्थाको भन्दा आफ्नो छुट्टै व्यक्तिगत राय बनाई सार्वजनिक गर्ने कार्यहरु

(९) स्थानीय समुदायका व्यक्तिहरुको भावनामा आघात पुग्ने कुनै आचरण गर्ने कार्य

(१०) संस्थाले प्रदान गरेको परिचयपत्र, लेटर प्याड लगायत संस्थासँग सम्बन्धित कुनै वस्तु, प्रतीक चिन्ह आदिको दुरुपयोग गर्ने,

(११) अनुगमनको सिलसिलामा प्राप्त भएका तथ्याङ्क, सूचनाहरु वा गोप्य कुरा, कानूनद्वारा निषेधित कुनै विषय, कर्तव्य पालना गर्दा जानकारीमा आएको वा आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र संस्थाको पूर्व स्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत व्यक्ति वा सञ्चार संस्थालाई दिने वा बताउने वा प्रकाशन वा प्रसारण गर्ने/गराउने कार्यहरु ,

(१२) आर्थिक अनियमितता गर्ने,

(१३) कसैमाथि कुनै पनि प्रकारले अनुचित व्यवहार गर्ने, र

(१४) संस्थाप्रति अनास्था गर्ने, दुर्भावना फैलाउने, संस्थाको मर्यादा तथा विश्वसनीयतामा आँच आउने कुनै कार्य गर्ने ।

परिच्छेद -१२

## विविध

२०. **सम्पर्क व्यक्ति** :

अनुगमन टोली खटाइएको अवधी भर संस्थाले अनुगमन टोलीसँग सहकार्य, समन्वय तथा सम्पर्क कायम गर्न एक जना कर्मचारीलाई सम्पर्क अधिकारी नियुक्त गर्न सक्नेछ।

२१. **अनुगमनकर्ताको कार्यसम्पादन मूल्याङ्कन** :

(१) आफ्नो अनुगमन टोलीको प्रत्येक अनुगमनकर्ताको कार्य सम्पादन मूल्याङ्कन गर्ने कर्तव्य टोली नेताको हुनेछ।

२२. **दिग्दर्शन जारी गर्न सक्ने** :

संस्थाले यस निर्देशिकाको कार्यान्वयनको लागि आवश्यक पर्ने दिग्दर्शन बनाई जारी गर्न सक्नेछ। उक्त दिग्दर्शन अनुगमनकर्ताको लागि मार्ग निर्देशनको रुपमा रहनेछ।

२३. **व्याख्या** :

यस नियमावलीमा लेखिएका कुराहरुको व्याख्या तथा सशोधन गर्ने अधिकार संस्थामा निहित रहनेछ।

अनुसूची १

**मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल**

**केन्द्रिय कार्यालय /जिल्ला कार्यालय**

**ठेगाना** .............

**साप्ताहिक/ मासिक प्रतिवेदन**

**(आन्तरिक प्रयोजनको लागि मात्र)**

| | |
|---|---|
| प्रतिवेदन पठाउने कार्यालयको नाम | |
| प्रतिवेदकको नाम | |
| प्रतिवेदनको मिति | |
| प्रतिवेदन ग्रहण गर्ने कार्यालय | |
| मानवअधिकारको विषय | |
| प्रतिवेदनको क्रम संख्या | |
| विविध | |

१. **मानवअधिकारको संक्षिप्त अवस्था**

- **हलिया समुदायको राजनीतिक अवस्था**

संक्षिप्त लेखन : राजनीतिक गतिविधिहरू तथा हलिया समुदायको सहभागिता, हलिया समुदायहरुसँग सम्बन्धित घटनाहरू, घटनाक्रमहरुको विकाश, सरकारी तथा अन्य अधिकारीहरुद्धारा गरिएका कार्य तथ जिम्मेवारीहरु, विगतका परिस्थितिहरूसँग वर्तमानको तुलना, आर्थिक तथा मानवीय स्रोतसाधनको परिचालन आदिको बारेमा उल्लेख गर्ने ।

- **हलिया समदायको सुरक्षासँग सम्बन्धित विषयहरु**

संक्षिप्त लेखन : सामान्य सुरक्षा अवस्था, धम्की, हिंसा, सशस्त्र वा संगठित समूहका गतिविधिहरू, विगतका अवस्थाहरूसँग तुलना, अधिकारीहरुको कार्य तथा जिम्मेवारी तथा त्यसको असर तथा प्रभावहरु, सुरक्षाको कारण मानवअधिकारमा परेको असर तथा प्रभावहरु आदी विषयमा उल्लेख गर्ने ।

**• हलिया समुदायको सामाजिक र आर्थिक विषयहरु तथा सन्दर्भः**

संक्षिप्त लेखन ः सामाजिक मुद्दाहरू तथा त्यसमा जवाफदेहिता, आर्थिक अधिकारहरुको सम्मान तथा उल्लङ्घन, स्थानीय निकाय तथा अन्य सरकारी अधिकारीहरुको कार्य तथा जवाफदेहिता, विगतको अवस्थामा सुधार तथा परिवर्तनको लागि चालिएको कदम, व्यापार र व्यावसयिक गतिविधिहरूमा हलिया समुदायको संलग्नता आदि विषयमा उल्लेख गर्ने ।

## २. हलिया समुदायको मानवअधिकार अवस्थाको विषयगत विश्लेषण

### क) जीवन, स्वतन्त्रता, समानता र मर्यादाको अधिकार

**प्रतिवेदनमा समावेश गरिनु पर्ने विषयहरु** ः जीवन, स्वतन्त्रता, समानता र मर्यादा सहितका अधिकारहरुको अवस्था, मानवअधिकार हननको विवरणहरु, सरोकारवालाहरूले उठाएका मुद्दाहरू, आधिकारिक निकाय तथा अधिकारीहरुका कार्य तथा जवाफदेहिता वहन, नागरिक अवाजहरु तथा प्रतिक्रियाहरू, समाचारहरु प्रकाशन तथा प्रसारणहरु, अनुसन्धानका विषयहरु, न्यायिक प्रक्रिया तथा निर्णयहरु लगाएतको विषयहरुलाई क्रमिक रुपमा उल्लेख गर्ने ।

**प्रतिवेदकको टिप्पणी**ः तथ्यगत विश्लेषण, अनुगमनका मुद्दाहरूको स्थिति, मानवअधिकार अवस्थाको प्रभाव र सिफारिसहरू आदि।

### ख) महिला विरुद्ध हुने सबैखालका हिंसाका विषयहरु

**प्रतिवेदनमा समावेश गरिनु पर्ने विषयहरु** ः निजी वा सार्वजनिक क्षेत्र र संस्थाहरूमा लिङ्ग र लैंगिकतामा आधारित कुनै पनि प्रकारको हिंसा, महिलाहरू विरुद्धको भेदभाव, अभ्यास, प्रवृत्ति र घरेलु हिंसाका घटनाहरूको अवस्था, स्थानीय तहका पदाधिकारी तथा अधिकारीहरु, सुरक्षा निकाय तथा अन्य अधिकारीहरूको कार्य तथा जवाफदेहिता वहन, दोषीहरू विरुद्ध गरिएको कारवाहीहरु, पीडितको उपचार तथा न्यायको अवस्था, सम्बन्धित सरोकारवालाहरूको प्रतिक्रिया, सञ्चार क्षेत्रको प्रतिक्रिया, घटनाको असर तथा प्रभावहरु आदिको बारेमा उल्लेख गर्ने ।

**प्रतिवेदकको टिप्पणी**ः तथ्यगत विश्लेषण, अनुगमनका मुद्दाहरूको स्थिति, मानवअधिकार अवस्थाको प्रभाव र सिफारिसहरू आदि।

**ग) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको स्थिति र उल्लङ्घन**

• **सामाजिक विषयहरु** : समाजिक घटना र जात-जाति विचको सम्बन्ध तथा विभेदको अवस्था, समाजिक विभेदका विषयहरु, स्थानीय तहको सम्बोधन, स्थानीय प्रशासन तथा सुरक्षा निकायको कार्य तथा जवाफदेहिता, सुधारका लागि भएका पहलहरू, स्थानीय तह तथा अन्य निकायमा कार्यक्रम तथा बजेट विनियोजन र कार्यान्वयन स्थिति, समाजिक रुपमा हानिकारक अभ्यासहरूको उन्मूलन सम्बन्धी राज्यका नीति तथा त्यसको कार्यान्वयनको अवस्था लगाएतको विषयमा उल्लेख गर्ने ।

• **खाद्य अधिकार** : हलिया समुदायमा भोक र भोकमरी विरुद्धको अधिकारको अवस्था, खाद्यवस्तुको अभाव, बजार मूल्यको अवस्था, खाद्यान्नको अभाव र उपलब्धता, खाद्यान्नको गुणस्तर र मात्राको अवस्था, खाद्यान्न आपूर्ति र भण्डारणको श्रृंखला, स्थानीय तह तथा अन्य सरकारी अधिकारीहरुको कारवाही तथा जवाफदेहिता, नागरिक समाज तथा सञ्चार क्षेत्रको आवाज तथा प्रतिक्रियाहरु लगाएतको विषयमा उल्लेख गर्ने ।

• **शिक्षाको अधिकार** : शिक्षाको अधिकार सुनिश्चित गर्न स्थानीय तह तथा सरकारी अधिकारीहरु लगाएत अन्य सरोकारवालाहरूले गरेका पहलहरूको स्थिति, बालबालिका विद्यालय भर्ना तथा दर्ता अभियानको अवस्था, शिक्षा तथा शैक्षिक केन्द्रहरूमा अवरोध तथा सहजता, विधालयको भौतिक अवस्था र स्रोतसाधनको अवस्था, शिक्षा प्राप्तीमा भेदभावको विषय, शिक्षकहरुको दरवन्दि, अवस्था तथा उपलब्धताको अवस्था , सर कारी बजेट र कार्यान्वयनको अवस्था लगाएतको विषयमा उल्लेख गर्ने ।

• **स्वास्थ्यको अधिकार** : स्वास्थ्य स्थिति र महामारी रोगको सामान्य अवस्था, चिकित्सा उपचार/स्वास्थ्य सुविधाहरू उपलब्धता र पहँचयोग्य, प्रसूति सेवालगायत अन्य स्वास्थ्य सुविधाहरूको उपलब्धता, प्राथमिक स्वास्थ्य केन्द्रहरूमा निःशुल्क स्वास्थ्य सेवा,

उपचारमा भेदभाव, सरकारी नीतिको अनुगमन, स्वास्थ्य विमा, प्रसूति सेवा, निःशुल्क सेवा, खोप अभियान, बजेट विनियोजन र कार्यान्वयन अवस्था, स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्थानीय तह तथा अन्य अधिकारीहरुको कारवाही तथा जवाफदेहिता लगाएतका विषयहरुको बारेमा उल्लेख गर्ने ।

• **आवासको अधिकार** : घरपरिवारको सामान्य अवस्था, आवास तथा घरबार विहीनताको स्थिति, स्थानीय तह तथा अन्य अधिकारीहरुको कारवाही तथा जवाफदेहिता, सरकारी नीति बमोजिम आवास निर्माण प्रक्रियाहरु, जनता अवास कार्यक्रम, हलिया आवास कार्यक्रम, दैविय, प्राकृतिक तथा मानविय प्रकोपबाट आवासमा पारेको प्रभाव तथा असर, सरकारी जवाफदेहिता तथा उदासिनता, आवास नीतिको कार्यान्वयनको अवस्था लगाएतका विषयहरुको उल्लेख ।

• **रोजगारीको हक** : रोजगारीको सामान्य अवस्था, सहभागिता र समावेशी, रोजगारीको उपलब्धता, परम्परागत पेशा तथा व्यवसायको सम्मान तथा संरक्षण, हलिया समुदाय र व्यक्तिहरू विरुद्धको शोषणको अवस्था, हलिया समुदायका लागि आय आर्जन कार्यक्रममा स्थानीय सरकारको सहयोग तथा सहकार्य, बजेट विनियोजन र कार्यान्वयन स्थिति, अधिकारीहरुको कारवाही तथा जवाफदेहिता, रोजगारीको अधिकार सुनिश्चित गर्नका लागि गरिएका तथा भएका पहलहरु लगाएतको बारेमा उल्लेख ।

**प्रतिवेदकको टिप्पणी**: सवै विषयहरुमा तथ्यात्मक विश्लेषण, विगतका घटनाहरू र परिदृश्यहरू तुलना, सुधारको अवस्था र सिफारिसहरू आदि ।

**घ)अपाङ्गता भएका व्यक्तिको अधिकार**

**प्रतिवेदन**: अपाङ्गता भएका व्यक्तिको अधिकारको अवस्था तथा उल्लङ्घनका विषयहरु, भेदभावपूर्ण व्यवहार तथा अभ्यासहरू, स्थानीय तह तथा अन्य अधिकारीहरुको कारवाही तथा जवाफदेहिताको वहन, कानून तथा सरकारी नीतिहरुको कार्यान्वयनको अवस्था, अन्य सरोकारवालाहरु तथा दाताहरूद्वारा दान र अनुदान परिचालन आदि विषयहरुको बारेमा उल्लेख ।

**प्रतिवेदकको टिप्पणी** : तथ्यगत विश्लेषण, तुलनात्मक अध्ययन, विगतका मुद्दाहरूको तथ्याङ्क र सरोकारवालाहरू, उपलब्धी र सिफारिसहरू आदि ।

**ङ) अनुगमन गरिएका घटनाहरूको अवस्थालाई पुन दोहराएर अनुगमन (फलो–अप) (केस नम्बर र मिति अनुसार)**

यसमा भागमा विगतमा भए गरेका कार्यहरु तथा अवस्थाको सम्बन्धमा सम्बन्धित निकायहरुबाट भएका कार्यहरु, त्यसमा भएका प्रगतिहरु तथा जवाफदेहिताको पालन भए नभएको विषयमा लेखाजोखा गर्ने ।

**च) प्रर्बधनात्मक कार्य तथा क्षमता निर्माण गतिविधिहरू**

प्रतिवेदनः हलिया समुदायको विषयगत मानवअधिकारको प्रवर्द्धनको लागि भएका कार्यहरुको विवरणहरु , उक्त कार्यमा संस्थाको सहकार्य तथा सहभागिता, अन्य आयोजकहरूको नाम, सहभागीहरूको प्रकृति, अन्य संस्थाहरुको सहभागिता वा संलग्नता, स्थान, मिति, प्रमुख अतिथिहरू, मुद्दाहरूको विषय, सञ्चार क्षेत्रको प्रतिक्रिया, समाचार सम्प्रेषण (मिडिया कभरेज), चन्दा र अनुदान परिचालन, दाताहरूको गतिविधि र संलग्नता, उपलब्धीहरू सम्बन्धी कुनै पनि लगाएतका विषयहरुको विस्तृत विवरणहरुको बारेमा उल्लेख गर्ने ।

**छ) कार्यालयको र व्यक्तिगत महत्वपूर्ण मामिलाहरूः**

प्रतिवेदनः काम गर्दाको आएका समस्याहरु, कसैबाट बाधा अवरोध तथा धम्कीहरु आएको भएमा, आर्थिक तथा अन्य स्रोत सामाग्रीहरुको अवस्था, कार्यहरुमा सहजता तथा अप्ठयाराहरु, उच्चतहको संलग्नतामा विशेष प्रशिक्षण वा कक्षाको लागि अनुरोध, अन्य सरोकारवालाहरूसँगको सम्बन्ध, भावी योजना तथा कार्यहरुको बारेमा प्रस्तावहरु तयार गरी प्रतिवेदनमा उल्लेख गर्ने ।

**ज) अन्य केहि विषयहरु भएमा**

अन्तमा अन्य केही विषयहरुको सम्बन्धमा उल्लेख गर्नपर्ने केही विषयहरु भएमा उल्लेख गर्ने ।

**समाप्त**